**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. ३४६

पुनरावेदन नं. ०७६-RB-०२१८

पुनरावेदन दर्ता मितिः-२०७६।१२।०५

**मुद्दाः–मूल्य अभिबृद्धि कर (आ.व.२०६९/०७०)।**

का.जि.का.म.न.पा. वडा नं.१ हाल वडा नं.२९ केशरमहल, लैनचौर स्थित नेपाल एस बि.आई.बैंक लिमिटेडका तर्फबाट अख्तियारप्राप्त ऐ.का प्रबन्ध संचालक अनुकुल भट्नागर..........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व विभाग लाजिम्पाट,काठमाडौं.............................................१
ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री बलराम रिज्याल

शुरु कार्यालयको निर्णय मितिः-२०७३।११।२६

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद वहादुर कुँवर

निर्णय मितिः- २०७६।८।२२

**उपस्थित कानुन व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री राजु शाक्य

प्रत्यर्थीका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अविलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६।८।२२ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको अधिकार क्षेत्र भित्र पर्ने देखिँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. करदाता नेपाल एस.बि.आई. बैंक लिमिटेडको आ.व. २०६९/०७० को कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० (१) बमोजिम कर, शुल्क, ब्याज तथा जरिवाना समेत जम्मा रू.३,२४,९४५।- (अक्षरूपी तीन लाख चौबिस हजार नौ सय पैतालिस मात्र) कर निर्धारण गर्नुपर्ने भई सो को आधार र कारण संलग्न गरी मिति २०७३।११।०१ मा करदाताको नाममा प्रारम्भिक कर निर्धारण आदेश जारी भएको।

२. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७३।११।०१ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश करदाताले मिति २०७६।११।०९ मा बुझी लिई सो को जवाफ मिति २०७६।११।२२ मा पेश गरेको।

३. करदाताको आ.व.०६९/०७० मा SWIFT सेवा वापतको रकम रु.९६,७९६।— जरिवाना रु.२४,१९९।— र थप दस्तुर रु.३५,४९१।— तथा व्याज रु.५२,०२७।— समेत गणना गरी हुने रकम रु.२,०८,५१३।- दाखिला गर्न मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) वमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गर्ने गरी ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट मिति २०७३।११।२६ मा भएको निर्णय।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३।११।२६ मा जारी गरेको आ.व. २०६९/०७० को मुल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी करदाता नेपाल एस.बि.आई बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।०२।०९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. ठूला करदाता कार्यालयबाट मिति २०७३।११।२६ मा भएको अन्तिम कर निर्धारण आदेश कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।८।२२ मा भएको निर्णय।

६. SWIFT/VISA CARD/CREDIT CARD आधारभूत सेवा वित्तीय सेवा भएकोले मूल्य अभिवृद्धि कर नलाग्ने भएकोले उक्त सेवामा  कर,जरिवाना,व्याज तथा दस्तुर जरिवाना, थप दस्तुर एवं व्याज लगाउनु कानून सम्मत देखिदैन। यस्तो अवस्थामा मूल्य अभिबृद्धि कर निर्धारण गरी सोही आधारमा जरिवाना, थप दस्तुर एवं व्याज लगाउने गरी भएको शुरू कार्यालयको अन्तिम कर निर्धारण आदेश र उक्त आदेशलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी कुनै पनि कर,जरिवाना, ब्याज तथा थप दस्तुर नलाग्ने निर्णय गरि पाउँ भन्ने समेत वेहोराको पुनरावेदक करदाताले यस न्यायाधिकरणमा मिति २०७६।१२।५ मा दर्ता गरेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) वमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाडौंलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७७।९।१७ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता नेपाल एस.बि.आई बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री राजु शाक्यले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको आ.व. २०६९।७० को मूल्य अभिवृद्धि कर तर्फ भएको अन्तिम कर निर्धारणको आदेश कानुनी त्रुटीपूर्ण रहेको र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कायम रहन नसक्ने हुंदा बदर हुनुपर्छ भनी गर्नु भएको बहस समेत सुनियो।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश तथा सो आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा मू.अ.कर निर्धारण गर्ने गरी भएको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, करदाताले आ.व.०६९/०७० मा SWIFT/VISA CARD/CREDIT CARD आधारभूत सेवा वित्तीय सेवा भएकोले मूल्य अभिवृद्धि कर

नलाग्ने हुँदा उक्त सेवा अन्तर्गतको कर,जरिवाना,व्याज तथा दस्तुर नलाग्ने निर्णय गरी पाँउ भन्ने पुनरावेदन जिकिर लिएको देखियो। ठूला करदाता कार्यालयबाट करदाताको कर निर्धारण हुँदा करदाताले SWIFT सेवा नेपालमा नै आफ्नो ग्राहकलाई प्रदान गरेको, SWIFT सेवालाई भएको भुक्तानी विदेशमा रकम स्थानान्तरण गर्दा सूचनाको प्रशोधन तथा सम्प्रेषण वापत विदेशी आपूर्तिकर्तालाई भुक्तानी गरेको रकम भएको र सो वित्तिय सेवा नभई सूचना सम्प्रेषण र प्रशोधनको खर्च भएको देखिँदा सेवा वापत भएको खर्चलाई मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ११(३) ले कर छुट प्रदान गरेको देखिन आएन भन्ने आधार ग्रहण गरेको देखिन आउँछ। मूल्य अभिबृद्धि कर ऐन,२०५२ को अनुसुची १ को समूह ११ (३) ले वित्तिय सेवालाई मात्र कर छुट दिएको देखिन्छ। वित्तिय सेवासंग सम्बन्धित SWIFT सेवा जस्ता अन्य सेवालाई स्पष्ट रूपमा कर छुट दिएको देखिएन।

१२. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ८ उपदफा (२) मा *"नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखत मध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्नेछ"* भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाता बैंकले SWIFT सेवा प्रयोग गरी नेपाल भित्रको आफ्नो **Client** हरुलाई प्रदान गरी सो सेवा वापतको शुल्क समेत असुली गरेर गैर वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको तथ्यमा विवाद देखिंदैन। त्यस्तो भुक्तानीको हकमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ को उपदफा (२) बमोजिम भुक्तानीका बखत मूल्य अभिवृद्धि कर असूल गरी दाखिल गर्नुपर्नेमा यी पुनरावेदक करदाताले मूल्य अभिवृद्धि कर दाखिल गरेको नदेखिँदा अन्तिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालयले मिति २०७३।११।२६ मा गरेको निर्णय कानूनसम्मत नै देखिन आयो। उक्त **SWIFT** सेवालाई वित्तीय सेवा भनी साविक बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ ले परिभाषित नगरेको सन्दर्भमा उक्त सेवा वित्तीय सेवा नै हो, त्यसवापत मूल्य अभिवृद्धि कर लाग्ने होइन भनी पुनरावेदक करदाताले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१३. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता नेपाल एस.बि.आई. बैंक लिमिटेड (स्थायी लेखा नं.३००३२३००३) को आ.व.२०६९/०७० को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७३।११।२६ मा गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।८।२२ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौंलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः- सनिता लामा
फैसला मितिः- २०८०।१।५।३
प्रमाणिकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणित मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप